# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, वैशाख १४ गते, २०७२ साल (संख्या २

## भाग ३

**नेपाल सरकार**
**उद्योग मन्त्रालयको सूचना**

**खानी तथा खनिज पदार्थ (दोस्रो संशोधन) नियमावली, २०७१**

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "खानी तथा खनिज पदार्थ (दोस्रो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १० मा संशोधनः** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (यसपछि "मूल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली" भनिएको) को नियम १० को उपनियम (१) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरुको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को उपनियम (१) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ३४ मा संशोधनः** मूल नियमावलीको नियम ३४ को उपनियम (२) पछि देहायका उपनियम (३), (४), (५) र (६) थपिएका छन्:-

"(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाण समेत यकीन भइसकेको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्य गर्न विभागले अनुमतिपत्र दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुमतिपत्र दिने प्रयोजनको लागि विभागले आवश्यक विवरण सहित कम्तीमा पन्ध्र दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम परेका प्रस्तावहरुको नियम २६, २७, २८ र २९ बमोजिमको प्रक्रिया पूरा गरी छनौट भएका प्रस्तावकलाई विभागले अनुमतिपत्र दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुमतिपत्र प्राप्त गर्ने प्रस्तावकसँग विभागले खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम लिन सक्नेछ ।"

आज्ञाले,
जय मुकुन्द खनाल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग

४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।